# स्थानीय राजपत्र

घिरिङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या ३२ मितिः २०७८/०३/२९

## भाग–२

## घिरिङ गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानियकरण नीति २०७८

# घिरिङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरीछाप, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# दीगो विकासका लक्ष्यहरूको स्थानीयकरण नीति, २०७८

**स्विकृत मितिः२०७८/०३/२४**
**प्रमाणिकरणा मितिः२०७८/०३/२५**

१. पृष्ठभूमि

१.१. दीगो विकासका लक्ष्य(एसडीजी) हरूको उद्देश्य सन् २०३० सम्ममा विश्वबाट अन्त्य गर्नु हो । चरम गरिबी लगायत गरिबीका सबै स्वरूप तथा आयामहरूको उन्मुलन गर्नु विश्वको सबैभन्दा ठुलो चुनौती रहेको छ । त्यसैगरी त्यो चुनौती नेपालमा पनि रहेको छ ।यस विश्व्यापी अभियानको तथा संघीय सरकारको दीगो विकासका लक्ष्यहरू स्थानीयकरण गरी घिरीङ गाउँपालिकाले पनि तदनुरूपको नीति बनाउनुपर्ने आवश्यकता ठानी यो नीति तर्जुमा गरेको छ । दीगो विकासका लागि गरिबीको अन्त्य घिरीङ गाउँपालिकाको पनि एक अपरिहार्य आवश्यकता बनेको छ ।

१.२. दीगो विकासका १७ विकास लक्ष्यहरूले सहस्राव्दी विकासका लक्ष्यहरुको उपलब्धिमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरूलाई पूरा गर्न खोजेका छन् । दीगो विकासका लक्ष्यहरू एकीकृत तथा अविभाज्य छन् र तिनले दीगो विकासका तीन आयाम- आर्थिक, सामाजिक र वातावरणलाई सन्तुलित गर्दछन् । सीमित स्रोत साधनबाट कार्ययोजना बनाई क्रमशः ती लक्ष्यहरू हासिल गरिने छ ।

२. विगतका प्रयासः

१.१. गाउँपालिका स्थापना भएदेखि नै कुनै न कुनै रूपमा दीगो विकासका लक्ष्यहरू वार्षिक नीतिमा समेटिएका थिए ।

१.२. वार्षिक नीति, कार्यक्रम तथा बजेटमा विषयगत शाखा/इकाई नीति कार्यक्रममा वजेटको व्यवस्था केही न केही रूपमा भएको थियो ।

३. वर्तमान स्थिति

१.१. वि . सं. 2073/11/27 मा नेपाल सरकारले यस गाउँपालिकाको घोषणा गरको हो । नेपालको संबिधानले नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ ।संविधानमा नै स्थानीय सरकारको अधिकारको व्याख्या गरी स्थानीय सरकारलाई सबल र जनताका विकासका आकाङ्क्षा र आवश्यकतालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने राज्य व्यवस्थाको व्यवस्था गरिएको छ । सोही अनुसार स्थानीय सरकार सञ्चालन ऐन, 2074 तर्जुमा भएको छ ।

१.२. यसरी संविधान, राज्य संरचना तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार प्राप्त

अधिकार अनुसार कार्य सम्पादन गर्नुपर्ने भएको छ।

४. चुनौती र समस्या

१.१. गरिबको सबै स्वरूप र आयामहरूको उन्मुलन गर्नु प्रमुख चुनौती रहेको छ।

१.२. घिरिङ गाउँपालिकामा दीगो विकासका लक्ष्यहरू समेत हासिल हुने गरी कार्यान्वयन गर्न सीमित स्रोत एवम् कमजोर संस्थागत क्षमता जस्ता समस्याहरू रहेका छन्।

५. नयाँ नीतिको आवश्कता

१.१. विश्वव्यापी अभियानको रूपमा रहेको दीगो विकासका लक्ष्यहरूको स्थानीयकरण गर्न

१.२. विश्व्यापी अभियान, संघीय सरकारका दीगो विकासका लक्ष्यहरू र घिरिङ गाउँपालिकामा गरिबीका सबै स्वरूप र आयाम अन्त्य गर्न छुट्टै नीतिगत व्यव्था गर्न आवश्कता भएको।

प्रस्तुत पृष्ठभूमिमा छुट्टै नीतिगत व्यवस्था गर्न आवश्यक भएकोले घिरिङ गाउँपालिकाबाट दीगो विकासका लक्ष्यहरूको स्थानियकरण नीति 2078 तर्जुमा गरिएको छ।

६. दीर्घकालीन सेवा

घिरिङ गाउँपालिकामा गुणस्तरीय, दीगो तथा सन्तुलित विकास गर्ने

७. लक्ष्य

दीगो विकासका लक्ष्यहरू हासिल गरी गरिबीको सबै स्वरूप र आयामहरूको अन्त्य गर्ने।

८. उद्देश्य

यस नीतिका उद्देश्य देहाय बमोजिम हुनेछन्:

१.१. दीगो विकासका लक्ष्यहरूको घिरिङ गाउँपालिकामा आन्तरिकीकरण तथा स्थानीयकरण गर्ने।

१.२. आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक नीति, कार्यक्रम र बजेटलाई दीगो विकासका लक्ष्यहरऱसँग तादात्म्यता कायम गर्न

९. नीतिहरू

नीतिका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका नीतिहरू अबलम्वन गरिने छः

१.१. दीगो विकासका लक्ष्यहरू सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय अभियान तथा प्रयासहरूलाई घिरिङ गाउँपालिकाका सम्पुर्ण क्षेत्र, संयन्त्र तथा टोल स्तर र जनसमुदायमा प्रबर्द्धन गर्ने।

१.२. घिरिङ गाउँपालिकामा दीगो विकासका लक्ष्यहरू हासिल गर्न गरिने योजना तथा कार्यक्रमको लागि आवश्यक पर्ने थप पूँजी, साधन तथा स्रोतहरूको व्यवस्था गर्ने

१.३. दीगो विकासका लक्ष्यहरू प्राप्ति गर्न जनप्रतिनिधि तथा कर्मचारीहरूको दक्षता, अनुभव एवम् नविन प्रविधिलाई अधिकतम उपयोग गर्ने।

१०. रणनीतिहरू

(१) नीतिः ९(१) सँग सम्बन्धित रणनीतिहरू देहाय बमोजिम हुनेछन्:

१.१. दीगो विकासका लक्ष्यहरूलाई आवश्यकता र सान्दर्भिकताका आधारमा गाउँपालिकाका सम्पूर्ण निकायहरूमा स्वीकार तथा अंगिकार गरिनेछ।

१.२. कार्यान्वयन गर्न सकिने पूर्वाधार र सेवाहरू पहिचान गरी प्राथमिकता निर्धारण गरिनेछ।

१.३. दीगो विकासका लक्ष्यहरू अनुरूप सम्पन्न हुन सक्ने आयोजना तथा कार्यक्रमहरूलाई गाउँपालिकाका सबै अङ्गहरू तथा निकायहरूलाई आवश्यकताअनुसार कार्यान्वयन गर्न क्रियाशील गराइनेछ।

(२) नीति ९.२ सँग सम्बन्धित रणनीतिहरू देहायबमोजिम हुनेछन्:

१.४. दीगो विकाससँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ र आयोजना तथा कार्यक्रमलाई सरल एवम् पारदर्शी र मितव्ययी बनाइनेछ।

१.५. लाभ तथा जोखिमलाई लाभग्राहीबीच न्यायोचित रूपमा बाँडफाँड गरिनेछ।

१.६. दीगो विकासका लक्ष्यहरूलाई हासिल गर्न गाउँपालिकाबाट हुने लगानी, सहयोग र प्रतिबद्धता सुनिश्चित गरिनेछ।

(३) नीति ९.३ सँग सम्बन्धित रणनीतिहरू देहायबमोजिम हुनेछन् :

१.७. दीगो विकासका लक्ष्यहरू हासिल गर्नको लागि कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरूको पहिचान, प्राथमिकीकरण, लागत प्रारूप तयार गर्ने कार्यमा सम्बन्धित लाभग्राही तथा लक्षित वर्गमा उपलब्ध क्षमता, दक्षता एवम् नवीन प्रविधिलाई आवश्यकताअनुसार उपयोग गरिनेछ।

१.८. दीगो विकासका लक्ष्यहरू हासिल गर्ने योजना, कार्यक्रम कार्यान्वयन गर्न जनप्रतिनिधि एवम् कर्मचारीको क्षमता, सीप बढाउन क्षमता विकास गरिनेछ। साथै नवीनतम प्रविधिलाई र जनशक्तिको दक्षता, सीप, क्षमता र अनुभवलाई आवश्यकताअनुसार उपयोग गरिनेछ।

१.९. दीगो विकासका लक्ष्यहरू प्रापत गर्न सञ्चालन गरिने आयोजना तथा कार्यक्रमलाई दीगो बनाउन लक्षित वर्गको जिम्मेवारी सुनिश्चित गरिनेछ।

११. कार्यनीति

१.१. दीगो विकासका लक्ष्यहरूको अवधारणाको स्पष्टता

(१) विकासमा दीगो विकासको मान्यताहरूलाई अंगिकार गरिनेछ।

(१) आर्थिक, सामाजिक एवम् पूर्वाधार विकासमा दीगो विकासका मान्यता अनुसार हुने गरी आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने

(२) दीगो विकासका मान्यताहरूलाई उपभोक्ता समिति, टोल विकास समिति तथा लक्षित वर्ग, समुदायमा स्थापित गरी सोहीअनुसार आयोजना तथा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने।

१.२. अन्य नीतिसँग जोड्ने(लिकेज गर्ने) गाउँपालिकाका अन्य नीति तथा कानूनहरू तर्जुमा गर्दा यस नीतिसँग जोड्ने(लिकेज) गरी तर्जुमा गर्ने।

१.३. दीगो विकास लक्ष्यहरू

दीगो विकासका लक्ष्यहरू देहायबमोजिम हुनेछन् :

(१) गरिबीको अन्त्यः सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने

(१) कुनै पनि प्रकारको गरिबीमा बाँचेका मानिसहरूको अनुपातलाई कम्तिमा आधा कम गर्ने

(२) सबैका लागि सामाजिक संरक्षण प्रणाली र उपाय लागु गर्ने र गरिब तथा जोखिममा रहेकाहरूलाई उल्लेख्य रूपमा समेट्ने

(३) गरिब र जोखिमपूर्ण स्थितिमा रहेका मानिसहरूको सामना गर्ने क्षमताको निर्माण गर्ने र वातावरणसँग सम्बन्धित विपत्तिजन्य प्रकोप तथा अन्य आर्थिक, सामाजिक र वातावरणीय असर तथा विपद्सँगको उनीहरूको संसर्गलाई न्यूनिकरण गर्ने

(२) शून्य भोकमरीः भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दीगो कृषिको प्रबर्द्धन गर्ने

(१) सबै प्रकारका कुपोषणको अन्त्य गर्ने र किशोरी, गर्भवती तथा सुत्केरी महिला र अन्य व्यक्तिका पोषणसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्ने

(२) विकासोन्मुख देशहरूमा कृषि उत्पादकत्व क्षमता वृद्धि गर्न ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान, प्रविधि विकास, वनस्पति तथा चौपायाको जिन बैंक स्थापनामा लगानी वृद्धि गर्ने

(३) खाद्यमूल्यको चरम अस्थिरतालाई सीमित गर्नमा मद्दत पुर्याउन खाद्यवस्तु बजार र तत्सम्बन्धी कारोबारहरूको समुचित सञ्चालन हुने गरी उपायहरू अवलम्वन गर्ने

(३) आरोग्यता तथा कल्याण : स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने

(१) नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युको अन्त्य गर्ने

(२) परिवार नियोजनलगायत यौन तथा प्रजननसम्बन्धी स्वास्थ्य सेवा र सूचना तथा शिक्षामा सर्वसुलभ पहुँचका साथै प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति तथा कार्यक्रममा समायोजन गर्ने कार्यलाई सुनिश्चित गर्ने

(३) सर्वसुलभ स्वास्थ्यसेवा, गुणस्तरीय स्वास्थ्यसेवामा पहुँच तथा सबैका लागि सुरक्षित प्रभावकारी, गुणस्तरीय र उचित मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरूमा पहुँच हासिल गर्ने

(४) गुणस्तरीय शिक्षा : सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रबर्द्धन गर्ने

(१) सबै किशोर तथा किशोरीहरूले निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथिमक तथा माध्यामिक शिक्षा प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने

(२) शिक्षामा लैङ्गिक असमानताको अन्मूलन गर्ने र अपाङ्गता भएका व्यक्तिलगायत जोखिममा रहेका व्यक्तिहरू आदिवासी तथा जनजाति र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई सबै तहको शिक्षा तथा व्यावसियक तालिममा समान पहुँच सुनिश्चित गर्ने

(३) दीगो विकास तथा दीगो जीवनशैली, मानवअधिकार लैङ्गिक समानता, शान्ति तथा अहिंसाको सँस्कितको प्रबर्द्धन, वैश्विक (global) नागरिकता र साँस्कितक विविधताको सराहनाका लागि शिक्षालगायतका माध्यमबाट सिक्न चाहने सबैले दीगो विकास प्रबर्द्धनका लागि आवश्यक ज्ञान तथा सीप प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने

(५) लैङ्गिक समानता : लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तिकरण गर्ने

(१) ओसारपसार तथा यौनशोषणलगायत सार्वजिनक तथा निजी क्षेत्रहरूमा सबै महिला तथा किशोरीबिरूद्ध हुने सबै प्रकारका हिंसाको उन्मूलन गर्ने

(२) राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्त्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने

(३) सबै तहमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरणको प्रबर्द्धनका लागि नीति तथा कानूनहरूको अवलम्वन गर्ने र तिनलाई सबल बनाउने

(६) सफा पानी तथा सरसफाइ : सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने

(१) सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने

(२) सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्तय गर्ने

(३) पानी तथा सरसफाइ व्यवस्थापनको सुधारको लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिइ त्यसलाई अझ सबल बनाउने

(७) खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा : सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, स्वच्छ तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चत गर्ने

(१) खर्चले धान्न सक्ने, भरपर्दो र आधुनिक ऊर्जा सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गर्ने

(२) सन् २०३० सम्ममा विश्वव्यापी ऊर्जाको उपलब्धतामा नवीकरणीय ऊर्जाको अंशलाई उल्लेख्यरूपमा वृद्धि गर्ने

(३) नवीकरणीय ऊर्जा, ऊर्जा बचत तथा त्यसको व्यवस्थापन र अत्याधुनिक तथा स्वच्छ जीवाश्मा इन्धन (fossil fuel) प्रविधिहरूलगायत स्वच्छ ऊर्जा अनुसन्धान तथा प्रविधिहरूमा हुने पहुँचलाई सहज तुल्याउन र ऊर्जा पूर्वाधार तथा स्वच्छ ऊर्जा प्रविधिमा लगानी प्रबर्द्धन गर्न अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने

(८) मर्यादित काम तथा आर्थिक वृद्धि : सबैका लागि समावेशी तथा दीगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रबर्द्धन गर्ने

(१) अति कम विकसित मुलुकहरूमा राष्ट्रिय परिस्थितिअनुसार प्रतिव्यक्ति आर्थिक वृद्धि र कम्तीमा ७ प्रतिशत वार्षगिक कुल ग्राहस्थ उत्पादन (जिडीपी) वृद्धि कायम राख्ने

(२) सबै महिला र पुरुषका लागि पूर्ण एवम् उत्पादनशील रोजगारी तथा मर्यादित कामको साथै समान कामका लागि समान ज्याला हासिल गर्ने

(३) दीगो पर्यटन प्रबर्द्धनका लागि नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने जसबाट रोजगारी सिर्जना हुनुका साथै स्थानीय सँस्कृति तथा वस्तुहरूको उत्पादन प्रबर्द्धन हुन्छ

(९) उद्योग, नवीन खोज र पूर्वाधार : बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई दीगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने

(१) आर्थिक विकास र मानवकल्याणलाई सघाउ पुर्याउन दीगो तथा बलियो पूर्वाधार विकास गर्ने

(२) समावेशी तथा दीगो औद्योगिकीकरणालाई प्रबर्द्धन गर्ने र राष्ट्रिय परिस्थितिअनुसार रोजगारी तथा कुल ग्राहस्थ उत्पादन (जिडीपी)मा उद्योगको

अंशलाई उल्लेख्य मात्रामा वृद्धि गर्ने र अति कम विकसित देशहरूमा यसको अंश दोब्बर गर्ने

(३) धान्न सकिने कर्जालगायतका वित्तीय सेवाहरूमा लघु उद्योग तथा अन्य उद्यमहरूको पहुँच वृद्धि गर्ने र मूल्य श्रृङ्खला तथा बजारमा तिनको समायोजन गर्ने

(१०) न्यून असमानता : देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने

(१) उमेर, लिङ्ग, अपाङ्गता, जातीयता, उत्पत्ति, धर्म वा आर्थिक वा अन्य हैसियत जेसुकै भए तापनि सबैका लागि सामाजिक तथा राजनीतिक समावेशितालाई प्रबर्द्धन गरी त्यसलाई सशक्त पार्ने

(२) विभेदपूर्ण कानून, नीति र प्रचलनहरूको अन्त्य तथा तत्सम्बन्धी उपयुक्त कानून, नित र प्रचलनको प्रबर्द्धन गर्नेलगायतका काम गरी सबैलाई समान अवसर सुनिश्चित गर्ने र परिणाममा असमानता कम गर्ने

(३) क्रमशः वृहत्तर समानता हासिल गर्न वित्तीय, ज्यालासम्बन्धी र सामाजिक संरक्षण नीतिहरू अवलम्वन गर्ने

(११) दीगो शहर र समुदायहरू : शहरहरूलाई समावेशी, सुरक्षित, सवल र दीगो बनाउने

(१) पर्याप्त, सुरक्षित तथा खर्च धान्न सक्ने आवास र आधारभूत सेवाहरूमा सबैको पहुँच सुनिश्चत गर्ने र झुपडी वस्तीहरूको स्तरोन्नति गर्ने

(२) सडक सुरक्षामा सुधार गर्दै सुरक्षित, धान्न सकिने, सहज र दीगो यातायात व्यवस्थामा पहुँच उपलब्ध गराउने

(३) विपद्का कारण हुने मृत्यु, प्रभावित व्यक्तिहरूको सङ्ख्या र आर्थिक क्षतिलाई उल्लेख्यरूपमा कम गर्ने

(१२) जिम्मेवारपूर्ण उपभोक तथा उत्पादन : दीगो उपभोग तथा उत्पादनको ढाँचा सुनिश्चित गर्ने

(१) प्राकृतिक स्रोतहरूको दीगो व्यवस्थापन तथा चुस्त प्रयोग हासिल गर्ने

(२) स्रोतमै फोहोरको कम उत्पादन, न्यूनीकरण, पुनर्उत्पादन (रिसाइकल) र पुनः प्रयोगमार्फत फोहोर उत्पादनमा उल्लेख्यमात्रमा कमी ल्याउने

(३) दीगो विकास र जीवनशैलीबारे सबै ठाउँका मानिसहरूमा आवश्यक जानकारी र सचेतना होस् भन्ने सुनिश्चित गर्ने

(१३) जलवायुसम्बन्धी कारबाही : जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरूद्ध लड्न तत्काल कारबाही थाल्ने

(१) सबै मुलुकमा प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्नसक्ने र अनुकूलन क्षमता वृद्धि गर्ने

(२) जलवायु परिवर्तनसम्बन्धी उपायहरूलाई राष्ट्रिय नीति, रणनीति र योजनाहरूमा समायोजन गर्ने

(३) जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन, प्रभाव न्यूनीकरण तथा पूर्व चेतावनी दिने सम्बन्धमा शिक्षा, जनचेतना अभिवृद्धि र संस्थागत क्षमतामा सुधार गर्ने

(१४) जलमुनिको जीवन : समुद्र, महासागर र समुद्री स्रोतहरूको संरक्षण तथा दीगो प्रयोग

(१५) जीवनमाथिको जीवन : वनको दीगो व्यवस्थापन गर्ने, मरूभूमिकरण विरूद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने

(१) सन् २०२० सम्ममा मरूभूमिकरण विरूद्ध लड्ने र खडेरी तथा बाढीप्रभावित भूमिलगायत अन्य भूमि तथा माटोमा आएको ह्रासलाई सुधार गरी पहिलेकै अवस्थामा पुर्याउने

(२) दीगो विकासका लागि अत्यावश्यक लाभहरू उपलब्ध गराउने हिमाली परिस्थितिकीय प्रणाली(इकोसिस्टम)को क्षमता अभिवृद्धि गर्न जैविक विविधतासहित तिनको संरक्षण सुनिश्चित गर्ने

(३) संरक्षित जीवजन्तु तथा वनस्पतिको चोरीसिकार तथा अवैध ओसारपसार अन्त्य गर्न तत्काले कारबाही थाल्ने

(१६) शान्ति, न्याय र सशक्त संस्थाहरू : न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने

(१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा कानूनी शासनको प्रबर्द्धन गर्ने र सबैको लागि न्यायमा समान पहुँच सुनिश्चित गर्ने

(२) सबै प्रकारका भ्रष्टाचार तथा घुसखोरीलाई उल्लेख्यमात्रामा घटाउने

(३) जन्मदर्ता लगायतको कानूनी पहिचान सबैलाई प्रदान गर्ने

(१७) यी लक्ष्यका लागि साझेदारी : दीगो विकास लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने

(१) कर तथा अन्य राजश्व सङ्कलनका लागि आन्तरिक क्षमतालाई सुधार ग र्न आन्तरिक स्रोत परिचालनलाई बलियो बनाउने

(२) उत्तर-दक्षिण, दक्षिण-दक्षिण तथा त्रिकोणी क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग तथा विज्ञान, प्रविधि र नवीन खोज अनुसन्धानमा पहुँच अभिवृद्धि गर्ने

(३) सबै दीगो विकास लक्ष्यहरूको कार्यान्वयनका लागि राष्ट्रिय योजनाहरूलाई सहयोग गर्न विकासोन्मुख मुलुकहरूमा प्रभावकारी तथा लक्ष्यित क्षमता

निर्माणको लागि अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने

१.४. दीगो विकासका लक्ष्यहरू प्राप्त गर्न आयोजना तथा कार्यक्रम छनौटका आधारहरू

(१) दीगो विकासका लक्ष्यहरू प्राप्त हुने वा नहुने

(२) लक्षित वर्ग, समूहको अपनत्व हुने वा नहुने

(३) लक्षित वर्ग, समूहबीच समान वितरण हुन सक्ने वा नसक्ने

१.५. आयोजनाको पहिचान र प्राथमिकीकरण :

(१) वार्षिक कार्यक्रम तथा आयोजनाको बजेट तर्जुमा गर्ने क्रममा दीगो विकासका लक्ष्यहरू प्राप्त हुनेगरी कार्यक्रम तथा आयोजनाको पहिचान गरिनेछ।

(२) प्राथमिकता निर्धारण : वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता निर्धारण गर्दा दीगो विकासका लक्ष्य प्राप्ति हुनेगरी गरिनेछ।

१.६. कार्यान्वयन प्रक्रिया

आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद कानून अनुसार तथा उपभोक्ता समिति, लक्षित वर्ग समूहबाट कार्यान्वयन गरिनेछ।

१.७. संघ र प्रदेशसँग समन्वय

दीगो विकासका लक्ष्यहरू हासिल गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

१२. संस्थागत संरचना

१.१. गाउँसभा

वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, आवाधिक योजना तथा आवश्यक ऐन वनाउने।

१.२. कार्यपालिका

आवश्यक नीति, नियम, निर्देशिका बनाउने, कार्यान्वयनमा उपयुक्त वातावरण बनाउने, निर्णय गर्ने, समिक्षा गर्ने।

१.३. विषयगत समितिहरू

समितिमा छलफल, समिक्षा गर्ने, सुझाव दिने

१.४. दीगो विकास निर्देशक समिति :

दीगो विकास हासिल गर्नका लागि र अनुगमन गर्न देहाय अनुसारको एक समिति रहनेछ

(१) गाउँपालिका अध्यक्ष - संयोजक

(२) गाउँपालिका उपाध्यक्ष - सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत - सदसय

(४) वडा अध्यक्षहरू - सदस्य

(५) योजना तथा अनुगमन शाखा प्रमुख- सदस्य सचिव

१३. कानूनी व्यवस्था

दीगो विकास हासिल गर्नको लागि संघ, प्रदेश तथा घिरिङ गाउँपालिकाको कानूहरूलाई आधार लिइनेछ।

आज्ञाबाट

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत